म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १७५ मंगलबार, १८ माघ २०७८ औंशी ने. सं. ११४२ पोहलागा 1 February, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## स्थानीय तहको समय गर्न अनेरास्ववियुको ध्यानाकर्षण

हेटौंडा/अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले स्थानीय तहको निर्वाचन समयमै गर्न माग गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । अनेरास्ववियु मकवानपुर जिल्ला कमिटीले सोमबार मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै आगामी बैशाखमै स्थानीय तहको निर्वाचन गर्न मागसमेत गरेको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलाई बुझाइएको ज्ञापनपत्रमा स्थानीय तहको निर्वाचन समयमै गर्नका लागि संघीय सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराएको उल्लेख छ । अनेरास्ववियु मकवानपुर जिल्ला कमिटीका अध्यक्ष विशाल पौडेलले ध्यानाकर्षणपत्र प्रमुख जिल्ला अधिकारी पाण्डेलाई हस्तान्तरण गरेका थिए । संघीय सरकारमा रहेका पाँच दलिय गठबन्धन जेठ मसान्तभित्र निर्वाचन गर्न सहमत भइसकेका छन् भने, निर्वाचन आयोगले पनि समयमै निर्वाचनको मिति तोक्न ध्यानाकर्षण गराइरहेको छ ।

# मकवानपुरमा घट्दै कोरोना संक्रमण

साझाकुरा संवाददाता



हेटौंडा/एक महिनायता मकवानपुरमा उकालो लागेको कोरोना भाइरस संक्रमण दर चार दिन देखि ओरालो लाग्न थालेको छ ।

मकवानपुरमा पुस महिनायता कोरोना भाइरस संक्रमणको तेस्रो लहरबाट दैनिक परीक्षण गराएका मध्ये ६० प्रतिशत संक्रमित भएका थिए । तीन दिनदेखि यो दर क्रमश: ओरालो लाग्न थालेको हो । गत शुक्रबार, शनिबार, आइतबार र सोमबारको तथ्यांक अनुसार संक्रमित हुनेभन्दा संक्रमित-मुक्त हुनेको संख्या बढेका छन् ।

जिल्लामा सोमबार एकैदिन १ सय ६६ जना कोरोना संक्रमणमुक्त भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, होम आइसोलेशनमा बसेका १ सय ६१ जना र संस्थागत आइसोलेशनमा बसेका ५ जना गरी १ सय ६६ जना संक्रमणमुक्त भएका हुन् । संक्रमण-मुक्त हुनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगरका छन् । हेटौंडाका ९८ जना संक्रमणमुक्त भएका हुन् ।

संक्रमणमुक्त हुनेमा थाहा नगरपालिकाका १९, मकवानपुरगढी गाउँपालिकाका १५ जना, मनहरी गाउँपालिकाका २२ जना, इन्द्रसरोवर गाउँपालिकाका ३ जना, भीमफेदी गाउँपालिकाका २ जना र बकैया गाउँपालिकाका ७ जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमणमुक्त हुनेको कुल संख्या १७ हजार ५३ जना पुगेको छ ।

जिल्लामा पछिल्लो २४ घण्टामा थप ५० जनामा कोरोना संक्रमण पुष्टि भएको छ । सो अवधिमा ४१ जनाको पीसीआर र ६१ जनाको एन्टीजेन परीक्षण गर्दा उनीहरुमा कोरोना पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

जिल्लामा विगत ४ दिनदेखि कोरोना संक्रमितको संख्या घटेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जिल्लामा आइतबार ५३ जनामा संक्रमण पुष्टि भएको थियो । यो संख्या बिहिबार र शुक्रबारको तुलनामा ओरालो लागेको हो । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख भीमसागर गुरागाईंका अनुसार , जिल्लामा बिहिबार ९१ जना र शुक्रबार ८१ मा संक्रमण पुष्टि भएको थियो । शनिबार सार्वजनिक बिदा भएकाले परीक्षण गरिएको थिएन । जिल्लामा गत माघ १० सम्म सक्रिय सक्रमितको संख्या १ हजार ७ सय २७ पुगेको थियो । आइतबार यो संख्या घटेर ६ सय ९३ मा झरेको छ ।

'एक सातामै हजारभन्दा बढी संक्रमित निको भइसकेका छन् भने थपिने संख्या पनि घट्दै गएको छ,' उनले भने, 'अहिले हेटौंडा अस्पतालमा १२ जना उपचाररत छन् । ६ सय ८१ जना घरमै छन् ।' आइतबार थप १ सय ९६ जना संक्रमणमुक्त भएका छन् । ४ दिनयता कोरोनाकै कारण कसैको पनि मृत्यु भएको छैन ।

मकवानपुरसँगै देशभर एक सातादेखि संक्रमण निरन्तर ओरालो लागेको छ । गत सोमबारदेखि नमुना परीक्षणको आधारमा संक्रमणदर घट्दै गएको हो । ८ माघमा ५० प्रतिशत भन्दा माथि पुगेको संक्रमणदर बिस्तारै ओरालो लाग्दै गएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विवरण अनुसार आइतबार परीक्षण गरिएका नमुनाका आधारमा २६.९ प्रतिशतमा मात्रै संक्रमण देखिएको छ ।

गत सोमबार ४८.७ प्रतिशत, मंगलबार ४६.३ प्रतिशत, बुधबार ४१.५ प्रतिशत, बिहीबार ३६.८ प्रतिशत, शुक्रबार ३४.४ प्रतिशत र शनिबार ३३.७ प्रतिशतमा संक्रमण देखिएको थियो । संख्यात्मक रुपमा सबैभन्दा धेरै ६ माघमा एकैदिन १२ हजार तीन सय ३८ जनामा संक्रमण देखिएको थियो । सो दिन २७ हजार चार सय ९७ जनाको परीक्षण भएको थियो । संक्रमित र कोरोना परीक्षणको यो संख्या नेपालमा कोरोना संक्रमण पुष्टि भएयताकै सबैभन्दा उच्च हो ।

२० पुससम्म दुई सयको हाराहारीमा रहेको दैनिक संक्रमण २१ पुसबाट दैनिक दोब्बरको संख्याले बढ्दै गएको थियो । आइतबार १३ हजार एक सय ४५ जनामा परीक्षण गर्दा तीन हजार पाँच सय ४० जनामा संक्रमण देखिएको हो । हाल देशभर ८३ हजार नौ सय ९९ जना सक्रिय संक्रमित रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । सवारी साधनमा जोर-बिजोर प्रणाली लागू हुनु, विद्यालय बन्द गरिनु र सार्वजनिक स्थानमा भिडभाड घटाइएका कारण संक्रमण घटेको चिकित्सकहरूले बताएका छन् ।

संक्रमण भएपनि गम्भीर स्वास्थ्य समस्या नदेखिएका कारण परीक्षण नगरी घरमै बस्नेको संख्या धेरै रहेकाले संक्रमणदर कम देखिएको चिकित्सकहरुको भनाइ छ । ७० देखि ७५ प्रतिशतमा संक्रमण भइसकेका कारणसमेत बिस्तारै संक्रमण घट्दै जाने जीवाणुविज्ञ डा. सन्तोष दुलाल बताउँछन् । 'संक्रमण उच्च बिन्दुमा पुगेर बिस्तारै ओरालो लागेको हो । भारतमा पनि अहिले संक्रमणदर यही ट्रेन्डमा छ । तर, संक्रमण शान्त हुन अझै दुई देखि तीन सातासम्म लाग्न सक्छ,' उनले भने ।

## ६५ बर्षीय महिला मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-१० त्रिवेणीधाम नजिकै कर्रा खोलाको किनारमा सोमबार बिहान एक महिला मृत अवस्थामा भेटिएकी छन् ।

हेटौंडा उपमहानगर-पालिका-१ चाइनाक्वाटर बस्ने ६५ वर्षीय सारदादेवी लमिनी मृत भेटिएकी जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।

सोमबार बिहान करिब १० बजेको समयमा खोलाको किनारमा महिलाको शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । ती महिलाको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालस्थित शव गृहमा राखिएको र उक्त घटनाको विषयमा आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक रिमालले बताए ।

## मुख्यमन्त्री कार्यालयमा थाल ठटाएर बिरोध



साझाकुरा संवाददाता

हेटौंडा/सोमबार हेटौंडा स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गेटमा थाल ठटाएर बिरोध प्रदर्शन गर्रिको छ ।

बागमती प्रदेशको वन ऐन,२०७६ संशोधन गर्न माग गर्दै आन्दोलनरत सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) मकवानपुरले सोमबार एक घण्टा बागमती प्रदेश मुख्यमन्त्री कार्यालयको गेटमा थाल ठटाएर विरोध प्रदर्शन गरेको हो ।

फेकोफन मकवानपुरले देश व्यापी सप्ताहव्यापी रुप कार्यक्रम अन्तर्गत ऐनको बिरोधमा आइतबार बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयमा धर्ना दिएको थियो । बागमती प्रदेश सरकारले ऐनलाई संशोधन नगरेको र आन्दोलन स्वरुप एक घण्टा थाल ठटाएर विरोध प्रदर्शन गरेको फेकोफन मकवानपुर अध्यक्ष साधुराम चौलागाईले बताए ।

विरोध प्रदर्शनमा वन ऐनका ९४ दफामध्ये ८० वटाभन्दा धेरै दफा नेपालको संविधान र संघीय वन ऐन २०७६ संग बाझिएकाले ऐन संशोधन वा खारेज गरी नयाँ ऐन तर्जुमा गर्न माग गरिएको छ ।

## चित्लाङ स्वास्थ्य चौकीलाई एम्बुलेन्स सहयोग

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका स्थित चित्लाङ स्वास्थ्य चौकीलाई एम्बुलेन्स सहयोग गरिएको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा थाहा नगरपालिकाको आर्थिक सहयोगमा एम्बुलेन्स खरिद गरिएको हो । पालिकाले वडा नम्बर ९ का लागि छुट्याउने वार्षिक बजेट सिलिङबाट वडाले ९ लाख रुपियाँ बजेट विनियोजन गरी एम्बुलेन्स खरिदमा सहयोग गरिएको हो ।

थाहा नगरपालिका अन्तर्गत साविक चित्लाङ गाविसमा एम्बुलेन्स नहुँदा सुत्केरी महिला तथा अन्य आकस्मिक स्वास्थ्य सेवाका लागि एम्बुलेन्सको अभावमा समयमै उपचार पाउनबाट वञ्चित हुँदै आएका थिए ।

## हेटौंडामा अक्सिजन उत्पादन सुरु

साझाकुरा संवाददाता

हेटौंडा/कोरोना संक्रमितका लागि सहज हुने उद्देश्यले हेटौंडा अस्पतालमै अक्सिजन उत्पादन सुरु गरिएको छ ।

अस्पतालले अहिले दैनिक २ सय ५० सिलिण्डर (ठूलो) उत्पादन गर्ने क्षमताको प्लान्ट निमार्ण गरेको अस्पतालले जनाएको छ ।

अमेरिकी सरकारको सहयोगमा संघीय स्वास्थ्य मन्त्रालयले तीन करोडको लागतमा दैनिक १ सय २५ सिलिण्डर अक्सिजन उत्पादन गर्ने प्लान्ट स्थापना गरेपछि सोमबार देखि प्लान्टबाट उत्पादन सुरु भएको गरिएको हो ।

उद्योग संघ मकवानपुरले १ सय १० अक्सिजन सिलिण्डर र हेटौंडा उपमहानगरपालिकाले दैनिक १५ सिलिण्डर (ठूलो) अक्सिजन उत्पादन गर्ने प्लान्ट स्थापना गरिदिएको थियो ।

अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्न धेरै मेहनत गर्नुपरेको बताउँदै उक्त अस्पतालमा भन्टिलेटरसहित २० शय्या तयारीको अवस्थामा रहेको बताइएको छ । हाल अस्पतालमा नौ कारोनाका बिरामी उपचारत् रहेको अस्पतालका सुपरि टेण्डेण्ट डा.रामचन्द्र सापकोटाले बताए ।

## तीन पालिकामा तीन दिन बिदा

हेटौंडा/मकवानपुरको राक्सिराङ, बकैया र बागमती गाउँपालिकाले तामाङ समुदायले नयाँ बर्षको रुपमा मनाउने सोनाम ल्होछारको उपलक्ष्यमा तीन दिन सार्वजनिक बिदा दिने भएको छ ।

गाउँपालिकाहरुले सोमबार सूचना जारी गर्दै माघ १८ गतेदेखि २० गतेसम्म तीन दिनका लागि पालिका र मातहतका निकायहरुमा विदा दिने जनाएको छ ।

पालिकाको माघ १६ गते बसेको बैठकले तामाङ समुदायको महान चाड सोनाम ल्होछारको उपलक्ष्यमा विदा दिने तीन वटै गाउँपालिकाले निर्णय गरेको हो ।




सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्यास रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम


Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर

हेटौडा उपमहा नगरपालिका वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३

९८११८९५४६२

हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# चिसोबाट बचौं र बचाऔं

देशभर चिसो बढ्दै छ । केही दिनदेखि देशका सबै भागमा चिसो बढिरहेको हो । मौसम परिवर्तनसँगै चिसो सुरु भएपछि मानव स्वास्थ्यमा समस्या पनि देखिने हुन्छ । यसतर्फ भने आमसर्वसाधारण सचेत रहनु पर्दछ । मौसमी परिवर्तनले रुघा, खोकी र ज्वरो आउन सक्ने सम्भावना बढी हुन्छ । यसबाट बच्न खानपिन र आफ्नो व्यवहारमा परिवर्तन गर्नुपर्छ । गर्मीयाममा गर्दै आएका गतिविधिलाई चिसो मौसममा बिलकुल परिवर्तन गर्नुपर्छ । जस्तै: कपडा लगाउँदा बाक्लो लगाउने, पानी तथा पेयपदार्थ खाँदा फ्रिजभित्रको नखानेलगायतका धेरै । चिसो मौसममा अघिल्लो दिन पाएका खानेकुरा नसड्ने भएकाले भोलीपल्ट राखेर खाने बानी धेरैको छ । त्यसो गर्नु हुँदैन् । ताजा बनाएर खाने बानी बसालौं ।

उच्च हिमाली क्षेत्रमा हिमपात सुरु हुन थालिसकेको छ । राजधानी उपत्यकासहित बागमतीको मुकाम हेटौंडा र आसपासका क्षेत्रमा पनि अत्याधिक जाडो बढेको छ । मकवानपुरसहित मध्य तराईका जिल्लाहरुमा शितलहरको समस्या छ । चिसो बढ्ने मौसम नै भएपनि जलवायु परिवर्तनका असरसमेत बढेको छ । विशेषगरी न्यून आय भएका विपन्न वर्गका मानिसलाई चिसोको समस्याले बढी समस्झ बनाएको छ । बृद्ध र बालबालिका बढी समस्यामा परेका छन् । मकवानपुरमा पनि आवासको व्यवस्था नभएका वा शितलहर चुहिने छाप्रामा बसोबास गर्ने धेरै छन् । कोरोना महामारीका कारण अस्तव्यस्त भएको अर्थतन्त्र र बजारका कारण न्यून आय भएकाहरुलाई न्यानो वातावरणमा बस्न मुस्किल छ । मकवानपुरगढीका १, २, ४, ७ र ८ नम्बर वडामा धेरै जनता अझै खरले छाएको छाप्रोमा बस्दै आएका छन् । उनीहरुलाई छाप्रोबाट शित चुहिने समस्याले अझै छोडेको छैन् ।

यस्तो अवस्थामा आफ्ना जिल्लाबासीको स्वास्थ्यमा ध्यान दिनु जिल्लास्थित सरकारी निकायको दायित्व पनि हो । उनीहरुका निम्ति सहयोगी मन लिएर सरकारी निकाय उभिनु पर्दछ । कल्याणी सोंचको बिस्तार गर्न जिल्लास्थित सबै पालिका नै अग्रसर हुनुपर्दछ । चिसोबाट नागरिक रक्षा गर्नैपर्ने दायित्व भने पालिकाकै भएकाले निजी क्षेत्रलाई पनि साथमै लिएर आफ्ना नागरिकको बासस्थानको अनुगमन एकपटक गरेको राम्रो हुन्छ । मकवानपुरको १० वटा पालिकाभित्रका सबै शक्ति नागरिकको जीवनरक्षामा परिचालित गर्न सक्नु पर्दछ । करोडौं बजेट छुट्याएर अनेकौं काम गरिरहेको पालिकाहरुले आफ्नै गाउँबासीलाई चिसोबाट बचाउन सकेन भन्ने सन्देश जाँदा सरम लाग्दो हुन्छ । तर यसतर्फ पालिकाहरुको ध्यान गएको देखिएको छैन् । अब भने चिसोबाट कुनै पालिकाबासीलाई अप्ठेरो पर्नुभन्दा अगावै सरकारी निकायहरुको ध्यान पुगोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ १९ गते बुधबार २ फेब्रुअरी २०२२ । माघ कृष्ण एकादशी । पोहेलागा एकादशी ११४१ । सूर्योदय ६:५० र सूर्यास्त ५:४४ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तजन भेट | तुला | : अध्ययनमा बाधा |
| वृष | : मित्रजन भेट | वृश्चिक | : धन प्राप्ति |
| मिथुन | : प्रेममा सफलता | धनु | : शत्रुबाट मुक्त |
| कर्कट | : शुभ कार्यको थालनी | मकर | : धन नष्ट |
| सिंह | : सुख प्राप्ति | कुम्भ | : मिष्ठान्न भोजन |
| कन्या | : यात्राको योग | मीन | : आलश्यता |

# किसानको समस्या सम्बोधन गर्न नहुने हो ?



सन्तोष मेहता

किसानका मुद्दा उठाएर करिब महिना दिनदेखि पूर्व-पश्चिम राजमार्ग अवरूद्ध पार्दै सीके राउतका कार्यकर्तांले आन्दोलन चर्काइरहेका छन्, मधेशका जिल्लामा दिनहुँ झडप भइरहेको छ । आन्दोलनकारीलाई तितरबितर पार्न सुरक्षाकर्मीले सधैं बल प्रयोग गर्ने गरेको छ । किसानको माग सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मल र बीउको व्यवस्था गर्नुपर्ने, किसान कार्डको ब्यवस्था गर्नुपर्ने, सिँचाइको व्यवस्था हुनुपर्ने, सिँचाइका लागि नि:शुल्क विद्युत दिनुपर्ने, हावाहुरी र वर्षाले भएको बालीको क्षतिपूर्ति दिनुपर्नेलगायत माग किसानहरुले गरेका छन् ।

किसानको पूरा गर्न दबाब सिर्जना गर्न सीके राउत पहिलेको गान्धीवादी पहिचान भन्दा फरक उग्र र अराजक बन्दै गैरहेको छ । पृथकतावादी गतिविधि छाडेर मूलधारको राजनीतिमा होमिएको राउतले मधेशको मूल राजनैतिक मुद्दा छाडेर स्थानीय तहको अनियमितता र ढिलासुस्तीका विषय समेत आन्दोलन गर्दैछन् ।

भारतमा हुँदै गरेको हरेक आन्दोलनको प्रभाव नेपालमा प्रत्यक्ष पर्ने गरेको छ । दिल्लीमा केजरीवालहरुले आन्दोलन गरे, नेपालमा पनि वैकल्पिक शक्तिको खोजी हुन थाल्यो । भारतमा अनशन संस्कृतिको पुनर्भाव भयो, नेपालमा पनि गोविन्द केसी अनशनको पर्याय भए । भारतमा कृषि उपजको मूल्य निर्धारण, बिक्री र भण्डारणसम्बन्धी तीनवटै कानुन फिर्ताको निम्ति किसान आन्दोलन विश्वको ठूलो प्रदर्शन बन्न पुग्यो । नेपालमा पनि किसान आन्दोलनको प्रभाव पर्यो ।

किसान आन्दोलनको अर्को आयाम पनि छ, मधेश आन्दोलन हुँदा उनीहरूले सुन्दर सपनाको मधेश परिकल्पना गरेका थिए, अधिकांश किसान रहेको मधेशी जनतालाई अनेकौं आश्वासन बाँडियो, संघीयता पनि आयो तर सोचेअनुरूप ती सपना पूरा नभएपछि निराश भएका जनतालाई आफ्नो पक्षमा तान्ने प्रयासमा किसान आन्दोलनको प्रादुर्भाव सीके राउतद्वारा भइरहेको छ ।

केही महिनाअघि सिरहाको औरही गाउँपालिकामा गहुँको बीउ वितरणमा ढिलाइ भएपछि आक्रोशित स्थानीयले राउतकै सहयोगमा लुटेर लगे । लुटपाटमा संलग्न केहीलाई स्थानीय प्रशासनले पक्राउ गरेर मुद्दा चलायो । यस विरूद्ध उनका कार्यकर्ताले पक्राउ परेका किसानको रिहाइको माग गर्दै चक्काजाम र जथाभावी तोडफोड मच्चाउन थाले । किसानको रिहाइको एकबुँदे मागसहित सुरू भएको किसान आन्दोलनबाट पाँचबुँदे, सातबुँदे त्यसपछि दश हुँदै अहिले १२ बुँदे माग पुर्याइएको छ ।

केही पहिले जनकपुरमा राउत बस्दै आएको क्षेत्रमा वर्षाको पानीले सडक हिलाम्मे हुने समस्या स्थानीयले सम्बद्ध निकायमा पटक-पटक गुनासो गरे पनि धेरै दिनसम्म समाधान भएन । सुनुवाइ नभएपछि सोही आरोपमा खानेपानी तथा ढल निकास कार्यालयका कर्मचारी राजेश्वर कुशवाहालाई कालोमोसो दलेर शहर घुमाइयो । त्यसपछि मधेशव्यापी भ्रष्टाचार विरुद्धको आन्दोलन अगाडि बढ्यो तर त्यतिकै सेलाएर गयो । यस आन्दोलनले राउतलाई उर्जा प्राप्त भयो । अहिले पनि किसानको समस्या समाधान होस्, नहोस् । तर, राउतको पार्टी भने स्थापित हुने क्रममा देखिन्छ । आन्दोलनमा किसानको माग मात्रै छैन, बरु मागको ब्यानर भन्दा पनि ठूलठूलो सीके राउतको तस्विर, पार्टीको झण्डा तथा प्लेकार्ड एवं नारामा वैज्ञानिक सीके राउत जिन्दावाद, हरन छाप जिन्दावादको नारा लाग्दो छ । यो सबै लक्षण आन्दोलन र मागप्रतिको इमान्दारिता भने होइन । तर किसानका समस्या जायज छन्, त्यो पुरा गरिनुपर्दछ ।

विगतमा पनि बारा र रौतहट जिल्लामा किसानको महत्वपूर्ण आन्दोलन भएको थियो । 'रे नही, जी कहो' नारा लगाउँदै जाली तमसुक च्यात्ने, भकारी फोडो, मोहियानी हक, जमिनदारी प्रथाको अन्त्यलगायत जमिन्दारले गर्ने विभिन्न शोषणका विरूद्ध किसान आन्दोलित भएका थिए । नेपाल कृषिप्रधान देश भएकाले यहाँका अत्यधिक जनता भनेका किसान नै हुन् । यहाँ हुने विभिन्न प्रकारका परिवर्तनको मुख्य शक्ति भनेको किसान नै हुन् । अहिले पनि समस्याको पहिलो कारण त हाम्रो अस्पष्ट कृषि नीति नै हो । यसले नेपालको अन्नभण्डारको रूपमा रहेको तराई-मधेशका किसानको समस्याको भेउ नै पाएको देखिँदैन । प्राथमिकतामा राखिएको कृषि क्षेत्रका किसानले के सुविधा पाए त ?

जापान, युरोप र अमेरिकाले झैं यस क्षेत्रलाई खुला बजार व्यवस्थाबाट संरक्षण गर्न किन सकिएन ? स्थानीय तह, प्रशासन कार्यालय, सम्बन्धित मन्त्रालय र विभागहरूको संस्थागत कमजोरी पनि यो समस्याको अर्को कारण रहेको छ । चिनी मिलले उखु किसानहरुको भुक्तानी नगर्दा उनीहरूको बिल्लीबाठ भएको छ । प्राय: किसानले उखु खेतीका लागि ऋण लिने गरेका छन् । तर, समयमा भुक्तानी पाएका छैनन् । अन्नदाता कृषकलाई समयमै न्याय नदिई गरिबीमा पार्ने काम पनि पाप नै हुने भएकाले सीके राउतले अराजक एवं कडा आन्दोलन गरे पनि जायज नै भन्नु परेको अवस्था छ । मुलुकको कृषि क्षेत्र यो वा त्यो नाममा उपेक्षित हुँदै गइरहेको वास्तविकतालाई मनन गरी कृषि उपजमा आत्मनिर्भर हुने पर्याप्त सम्भावना रहेको हाम्रो देशमा किसानलाई वास्तवमै छुने र फाइदा हुने नीतिगत सुधार भएकै छैन । त्यसैले कोदो, फापरजस्ता नेपालको तुलनात्मक लाभ भएका कृषिउपजमा पनि परनिर्भरता बढेको छ । व्यापार घाटामा कृषि उपजको हिस्सा बढ्दै गएको छ र किसानको बेहाल भएको छ । मल, बीउ, सिँचाइ, कृषि औजार आदिको समस्या त विकराल छँदैछ ।

ईजरायलमा नेपालजस्तो कृषिको लागि अनुकूल भूगोल नभए पनि त्यहाँ प्रशस्त मात्रामा कृषि उत्पादन हुन्छ । ७० लाख जनसंख्या भएको त्यो देशमा प्रतिव्यक्ति जिडिपी २५ हजार अमेरिकी डलर छ । सम्पूर्ण ईजरायली भूमिको आधा भूमि, मरूभूमि छ । २० प्रतिशत जमिन मात्र खेतीयोग्य छ । त्यहाँ पानीको अभाव छ । तर पनि कृषिका विभिन्न प्रविधिको खोज, पानीलाई राष्ट्रिय धरोहर मान्दै कानूनद्वारा त्यसको संरक्षण, विभिन्न सिँचाइसम्बन्धि उपकरणको खोज, कृषि, दूध, मासुजन्य पदार्थको उत्पादनमा बायोटेक्नोलोजीको प्रयोग, गर्मी देशमा उपयोगी हुने ग्रीन हाउस टेक्नोलोजीको विकास, माटोमा छिट्टै घुलनशील हुने पोटासियम नाइट्रेटको उत्पादन प्रयोग र निर्यातले त्यहाँको कृषिले गुणात्मक फड्को मारेको छ । यति प्रगति हुनुको कारण कृषिको औद्योगीकरण नै हो ।

पानी, भूमि र मानव शक्तिको सही प्रयोग गर्दै सहकारितामा आधारित त्यहाँको कृषि उत्पादनले प्रारम्भमा कागतीबाट आफ्नो निर्यातलाई अगाडि बढायो । अहिले विश्व बजारमा कृषिका विभिन्न उत्पादन, डेरीका सामान तथा मासुजन्य सामग्री निर्यात गर्ने प्रमुख देशको रूपमा ईजरायल देखिएको छ । निर्यात गरेर त्यहाँको अर्थतन्त्र बलियो बन्दै गइरहेको छ । विश्वस्तरमा कृषि सहकारिताका माध्यमबाट अगाडि बढ्दा प्रशस्त उत्पादन सम्भव भएको र त्यसले किसानको जीवनस्तरमा व्यापक सुधार ल्याएका थुप्रै उदाहरण पाउन सकिन्छ ।

कृषि सहकारिताकै कारण चीनका किसानको मासिक आय एक लाख भन्दा बढी छ । कृषिको औद्योगीकरण, सहकारिता, त्यसका साथै घरको छत, सडकको छेउ ट्राफिक सिग्नलमा समेत उत्पादन गर्नाले त्यहाँ धान, गहुँ, आलु, गोलभैंडा, चिया, कपास, तोरीलगायत कृषि सामग्री विश्वकै तुलनामा अत्यधिक मात्रामा उत्पादन हुन्छ । विश्व बजारमा ५० प्रतिशत स्याउ चीनबाट नै निर्यात हुन्छ । जबकि दोश्रो स्थानमा रहेको अमेरिकाले स्याउ निर्यातमा विश्व बजारको मात्र ६ प्रतिशत स्थान ओगटेको छ ।

तर, नेपालमा अझै मलको कारखानासम्म छैन, सामान्य खालका कृषि औजारसम्म उत्पादन हुन्न । कृषिका लागि सरकारी टेवा शुन्यप्राय: छ । कृषि विकासका लागि सहरबजारका सुविधासम्पन्न होटेल तथा रिसोर्टमा गोष्ठी, छलफल, सेमिनार, कार्यशाला अनवरत चलेकै छन् । कृषि विकासका नाउँमा एकथरिले कागजी योजना बनाएरै दिन कटाइरहेका छन् भने स्थानीय तहमा सञ्चालित कृषि अभिमुखीकरण कार्यक्रम गमलाखेती, कौसीखेती अनि भान्सा कोठाको फ्रिजमा तरकारी राख्न सिकाउने विधिमै सीमित भएका छन् ।

राउतको आन्दोलनले किसानका अझ थुप्रै समस्या उठाउन सकेकै छैन । जस्तै, चक्लाबन्दी एवं सहकारी खेतीका कुरा, चिया उद्योगजस्तै मधेसमा उब्जिने केरा, उखु, धान, आलु आदिलाई उद्योगको दर्जा, भूमि उपयोग नीतिका सवाल, कृषिजन्य उद्योगको विकास जस्ता बिषय पनि उठ्नु पर्दछ ।

अहिले किसानको आन्दोलनले भूमिसुधार, मोहियानी हकको कार्यान्वयन, गुठी समस्याको समाधान, क्वारेन्टाइनमा कडाइ, कृषिजन्य उत्पादनको आयातलाई निरूत्साहित गर्नुपर्नेलगायतका आवाज उठाइएको छैन । वास्तविक किसानले अनुदान पाउन नसकेको, बिचौलियाका कारण किसानको उत्पादनले सही मूल्य पाउन नसकेको, भूमिविहीन किसानलाई सरकारले बेवास्ता गरेको जस्ता विषय पनि आन्दोलनका मुद्दा हुनुपर्छ ।

नेपालमा कृषि पर्यटनले किसानको जीवनस्तरमा प्रशस्त सुधार ल्याउन सकिन्छ । कैलालीको टीकापुरमा केराखेती र केराखेतीको बीचैमा बनाना रिसोर्टले त्यो ठाउँ एउटा सुन्दर कृषि पर्यटन क्षेत्रको रूपमा विकास भइरहेको छ । इलामको चिया बगानको पर्यटनले त्यहाँका चिया बगानका किसानको जीवनस्तरमा प्रशस्त सुधार ल्याएको छ । राज्यस्तरबाट पनि त्यो वातावरण सिर्जना गर्न किसानको दबाबमूलक आन्दोलनको महत्वपूर्ण भूमिका हुन सक्दछ ।

उपरोक्त समस्याको समाधानका लागि सम्बन्धित स्थानीय, प्रदेश र संघीय संरचनाभित्रका निकायहरूको संस्थागत सुदृढीकरण गरिनु जरूरी छ । संघीयताले सरकारलाई किसानको नजिकै लगेकाले विशेषत: स्थानीय सरकारले किसानका समस्या तत्काल समाधान गर्ने गरी आफ्नो क्षमता विकास गर्नुपर्दछ । राज्यले अविलम्ब किसानहरुको जायज माग पुरा गर्नु पर्छ । सीके राउतको नेतृत्वको आन्दोलनलाई बेवास्ता गरिनु घातक हुनेछ ।

प्रदेशमा जसपा नेतृत्वको सरकार छ, केन्द्रमा उसको गठबन्धनको सरकार छ तर आफ्नो आधार क्षेत्र खुस्किएला कि भनेर आन्दोलन माथि दमन गर्ने, गिज्ज्याउने, उस्काउने, प्रतिकार गर्ने अवस्थाले जसपालाई नै घाटा होला । आन्दोलन लामो भएर जनताको जनजीवन कस्टकर हुँदै गएको भुल्नु हुन्न । लोसपाका शीर्ष नेता राजेन्द्र महतोको समेत समर्थनले आन्दोलनलाई उर्जा थपेको छ, जनताको समर्थन बढ्दो छ । राउत पार्टीगत निहित स्वार्थ भन्दा माथि उठ्ने हो भने समर्थनको आयतन अझ बढ्ने देखिन्छ ।

*- (लेखक लोसपाका नेता हुन्) - रातोपाटी*

# नकारात्मक समाज र कमजोर नियमनकारी राज्य



आशिष अधिकारी

मेडिकल कलेजको शुल्क विवाद र नारायणहिटी संग्राहलयमा बतास समूहको भूमिकाले नेपालको अर्थ-राजनीतिका दुई विषयलाई सतहमा ल्याएको छ । पहिलो समाजले निजी व्यवसायीलाई हेर्ने दृष्टिकोण र दोस्रो अर्थतन्त्रमा राज्यको भूमिका । यी दुई प्रतिकात्मक घटनाबाट समाजको ठूलो समूहको निजी व्यवसायीप्रति नकारात्मक सोच रहेको र राज्यले अर्थतन्त्रलाई नियमन गर्ने बाटो अंगालेको प्रस्ट बुझिन्छ ।

मेडिकल कलेजको पैसा सम्बन्धी विवाद राज्यले चिकित्सा शिक्षा आयोगमार्फत शुल्क तोकेर सुरु भएको हो । हरेक वर्ष मेडिकल कलेजले बढी शुल्क लिने गरेको तथा कलेजले राज्यले तोकेको शुल्कमा पढाउन नसक्ने विपरितार्थक कुरा समाचार बनिरहन्छन । राज्यले अर्थतन्त्रलाई नियमन गर्ने मुख्य साधन भनेकै कुनै पनि वस्तु वा सेवाको मूल्य तोक्नु हो । मूल्य तोक्दा पक्कै पनि वैज्ञानिक विधि अपनाइएको हुन्छ तर महत्वपूर्ण प्रश्न 'के राज्यले कुनै वस्तु वा सेवाको शुल्क तोकेर अर्थतन्त्र सन्चालन गर्नसक्छ', भन्ने हो ?

कुनै एउटा वस्तु वा सेवाको मूल्य अरु धेरै वस्तु वा सेवाको मूल्यहरु मिलेर बनेको हुन्छ । उदाहरणको लागि मेडिकल शिक्षाको शुल्कमा शिक्षकको तलबदेखि प्रोजेक्टरको खर्च समेटिएको हुन्छ । भोलि बजारमा आउने शिक्षकको माग र आपूर्तीले शिक्षकको तलब सुविधामा परिवर्तन आउछ । फेरि उक्त माग र आपूर्ती शिक्षक उत्पादन गर्ने शिक्षण संस्थाको स्थितिले निर्धारण गर्दछ । मेडिकल शिक्षा मात्र नभै कुनै पनि सेवा र वस्तुको मूल्य अरु विभिन्न उत्पादनका साधनमा आउने मूल्यको परिवर्तनसँग जोडिएको हुन्छ । राज्यले कुनै एक वस्तु वा सेवाको मूल्य तोक्दा, त्यसको मूल्यलाई असर गर्ने अरु विभिन्न वस्तु तथा सेवाको मूल्य पनि तोकेको हुनपर्छ, जुन व्यवहारिक रुपमा सम्भव छैन । तसर्थ, सुरुमा सहज देखिए पनि र राजनीतिक रुपमा लोकप्रिय भए पनि कुनै क्षेत्रको शुल्क निश्चित गर्दा यसले समग्र अर्थतन्त्रमा आउने संस्थागत र संरचनागत परिवर्तनलाई तोकिएको मूल्यमा समायोजन गर्न सक्दैन । यसले समाजका विभिन्न समूहबीच द्वन्द्वको विजारोपण गर्दछ र कालो अर्थतन्त्र पनि निर्माण गर्दछ । जस्तो मेडिकल शिक्षण संस्थामा व्यवसायी र विद्यार्थी बीचको तनाव सामान्य हुन थालेको छ ।

**बतास समूह र नारायणहिटी**

अर्को विवाद नारायणहिटी संग्राहलयको जग्गा बतास समूहलाई भाडामा दिने विषयसँग सम्बन्धित छ । समाजको ठूलो समूह निजी व्यवसायीप्रति नकारात्मक रहेको सन्देश यो प्रकरणले प्रस्ट पारेको छ । ठूलो समूह अनुसन्धान नगरी, सम्झौताका पक्ष र टेण्डर प्रकृया नबुझी सिधै बतास समूहलाई गाली गर्न र आरोप लगाउन उद्दत देखियो । ती समूह राज्यको सम्पत्ति निजी क्षेत्रले उपयोग गरेको विषयमा नकारात्मक थिए । यसले समग्रमा दुई प्रश्न खडा गरेको छ । पहिलो श्रोत (जमिन) को वितरणको स्थिती कस्तो छ ? दोस्रो राज्यको श्रोतलाई उत्पादनको श्रोत कसरी बनाउने ? नेपालमा जमिनको वितरणमा निजी स्वामित्व सानो छ । अमेरिकन युएसएडे नामक संस्थाको अध्ययन अनुसार नेपालमा २७ प्रतिशत जमिनमात्र निजी स्वामित्व वा निजी भाडामा रहेको छ । जमिन महत्वपूर्ण उत्पादनको साधन भएको र ठूलो संख्यामा जमिन राज्यको स्वामित्वमा रहेकोले जमिन निजी क्षेत्रलाई प्रयोग गर्न नदिकन उत्पादनसँग जोड्न सकिन्न ।

तसर्थ राज्यले निजी क्षेत्रलाई जमिन उपलब्ध नगराए, थोरै जमिनको आपूर्ती रहेकोले वस्तु तथा सेवा महंगो हुन जान्छ । निजी क्षेत्रले जमिन प्रयोग गरेर आर्थिक गतिविधि गर्दछ । उक्त आर्थिक गतिविधिले रोजगारी सिर्जना गर्दछ, रोजगारले खपत बढाउछ र आर्थिक गतिविधिको आकार बढ्दै जान्छ । नारायणहिटी संग्राहलयको जमिनको भूमिका पनि फरक छैन । यसलाई उत्पादनसिल बनाउन यसमा रेस्टुरेन्ट बनाउन लागिएको हो । रेस्टुरेन्टले सेफ, कुक, वेटरलगायत अरु रोजगारी सिर्जना गर्दछ । राज्यको सम्पत्ति भनेर खाली राख्दा यसको उत्पादनमा केही भूमिका हुँदैन । राज्यले आफ्नो श्रोत निजीक्षेत्रलाई प्रयोग गर्न दिएर उत्पादनसिल बनाउन सक्दछ ।

**अर्थतन्त्रका लागि घातक सरकारी सोच**

नेपाली समाजमा रहेको राज्यको सम्पत्ति निजी क्षेत्रले प्रयोग गर्न हुँदैन भन्ने सोच समग्र अर्थतन्त्रको आकार बढाउन र विकासको लागि बाधक हुन । समाजमा यो सोच रहेको कारणले राजनीतिज्ञय र कर्मचारी पनि जोखिम उठाएर काम गर्न हच्किन्छन । समाजको निजीक्षेत्र प्रतिको नकारात्मक सोच र राज्यको शुल्क तोक्ने प्रवृत्ति अर्थतन्त्रको लागि हानिकारक छन । तसर्थ राज्यले एकातिर निजी क्षेत्रलाई आफ्नो श्रोत प्रयोग गर्न लगाएर उत्प्रेरित गर्नपर्दछ भने अर्कोतिर बस्तु र सेवाको मूल्यलाई कुनै एउटा निजी समूहको नियन्त्रणबाट रोक्नुपर्छ । स्वतन्त्र बजारले मात्र निजी क्षेत्रबीच स्वच्छ प्रतिस्पर्धा र मूल्य कसैको अधिनमा रहन नदिने वातावरण बनाउँछ । तसर्थ राज्यले बिस्तारै बजार बनाउँदै जानुपर्छ अझ बजारलाई स्वतन्त्र बनाउदै जानु आवश्यक छ ।

नेपालमा बजार निर्माणको प्रकृयालाई बुझ्ने महत्वपूर्ण बिन्दु भनेको संरचनात्मक समायोजन कार्यक्रम हो । जस अन्तर्गत धेरै राष्ट्रिय उद्योगलाई निजीकरण गरियो । यो कार्यक्रमको सतही विरोध पनि हुने गरेको छ । यसको चरित्र नबुझेकोले यस्तो विरोध भएको हो । संरचनात्मक परिवर्तन निरन्तर प्रकृतिको हुन्छ । तर, नेपालले निरन्तर रुपमा समायोजन गर्न सकेको छैन । हिजो औधोगिक संरचनामा गरिएको समायोजन आज कृषि र सेवामा आवश्यक देखिसक्यो ।

**सरकारलाई वायुसेवाको भार**

नेपाल वायुसेवा निगम जस्ता संस्था राज्यलाई भार बढाउदै छन् । कामदार आप्रवासनले मानव संसोधन सम्बन्धी व्यवस्थामा पनि संरचनागत परिवर्तन ल्यएको छ । अझ कोभिड १९ को महामारीले विश्वभर कृषि मजदूरको माग बढाउला जस्तो देखिन्छ । यस्ता परिवर्तन बुझेर अर्को संरचनात्मक समायोजन गर्न ढिला भइसक्यो जसले बदलिदो अवस्थामा बजार निर्माण प्रकृयालाई सहजिकरण गर्छ । मुख्य कुरा बजार निर्माण निरन्तर प्रकृया हो र परिवर्तन अनुसार विभिन्न चरणमा समायोजन गर्न पर्दछ । तर, बजार निर्माण प्रकृया सहज छैन । पहिले समाजको निजी क्षेत्रप्रतिको नकारात्मकता हटाउने ठूलो जिम्मेवारी राज्यकै हो । निजी क्षेत्रलाई गाली गरेर वा दोष देखाएर यो नकारात्मकता फेरिदैंन । निजीक्षेत्रले गर्दा समस्यामा परेका कार्यक्रम समाधान गर्ने भन्दा पनि सबै समस्याको जड निजी क्षेत्र रहेको देखाउने हतारो जस्तो देखिन्छ । तर, निजी क्षेत्रलाई सहजिकरण गर्दा राज्य स्वार्थ समूहसँग सचेत रहनुपर्छ । स्वार्थ समूहले आफू अनुकुल श्रोतको शोषण गर्ने र मूल्यलाई आफू अनुकुल राख्न खोज्छन् । स्वच्छ प्रतिस्पर्धामा आधारित बजार निर्माणले यसलाई रोक्न सक्छ । सरकारी श्रोत उपयोग गर्दा स्वच्छ प्रतिस्पर्धा नहुनुमा केही व्यवहारिक समस्या पनि छन् । त्यस जमिनमा कस्तो आयोजना बनाउदा फाइदा हुन्छ भनेर निजी क्षेत्रले बुझेका हुन्छन् । कुनै एउटा विशेष निजी क्षेत्रले आयोजनाको सोच बनाउने र प्रारम्भिक कार्य गरेर सरकारी अधिकारिलाई मनाउने गर्दछ । उसले आफ्नो समय र श्रोत प्रयोग गरिसकेकोले उसलेनै काम पाउनुपर्छ भन्ने सामान्य बुझाई रहन्छ ।

**मेडिकल शिक्षाको समस्या**

सरकारी निकायले आँफैले कस्तो परियोजना बनाउने भन्ने सोच विकास गरेमा यस्तो व्यावहारिक समस्या आउँदैन । यसको समाधानको लागि सरकारी निकाय र शैक्षिक संस्था बीचको समायोजन महत्वपूर्ण छ । क्षेत्रगत विशेषता भएको शैक्षिक क्षेत्रसँग उक्त श्रोतमा हुनसक्ने उच्चतम परियोजनाको काम गर्न लगाएर मात्र सरकारी निकायले निजी क्षेत्रबीच प्रतिस्पर्धा गराउन सक्छ । त्यसैगरी मेडिकल कलेजमा पनि शुल्क तोक्नु भन्दा प्रतिस्पर्धात्मक व्यवस्था लागु गर्न सकिन्छ ।

बजारको विभिन्न मूल्यको खण्डमा भिन्न प्रतिस्पर्धा गराउन सकिन्छ । हामीले सिनेमाहलमा सिनेमा हेर्न जाँदा विभिन्न मूल्यका विभिन्न बस्ने ठाउँहरु हुन्छन् । आफ्नो आर्थिक स्थिति र छनोट गर्ने स्वतन्त्रता अनुसार हामी आफ्नो ठाउँ छान्ने गर्दछौं । मेडिकल शिक्षामा पनि बजार अनुसारको दुई- तीन मूल्यका खण्डहरु बनाएर विद्यार्थीलाई छनौट गर्ने स्वतन्त्रता दिन सकिन्छ । न्युनतम योग्यता प्राप्त गरेपछि बढी पैसा तिरेर पढ्न चाहने महंगो मूल्यको खण्डमा प्रतिस्पर्धा गर्नेछन जसमा सामान्यत थोरै प्रतिस्पर्धा हुन्छ । राज्यको भूमिका सहजकर्ताको हुनुपर्दछ जसले स्वच्छ प्रतिस्पर्धा गराएर निरन्तर स्वतन्त्र बजार निर्माण गर्दै लगोस । स्वतन्त्र बजारको निर्माण एउटा प्रकृया भएकोले अर्थतन्त्रमा आउने संरचनागत परिवर्तनले राज्यबाट अनन्त नवीन सहजता खोज्दै जान्छ ।

*-लेखक अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिक अर्थशास्त्रको विषयमा कलम चलाउछन्*

*- साभार: खबरहब*

# एकनारायणको 'जुम्लाबाट आउनुभयो मित'मा मितेरी साइनोको कथा



काठमाडौं/गीतकार एकनारायण भण्डारीले आफ्नै स्वरमा 'जुम्लाबाट आउनुभयो मित' बोलको गीत सार्वजनिक गरेका छन् । आइतबार सार्वजनिक गरिएको गीतमा उनको शब्द, संगीत र स्वर छ । कैयौं लोकदोहोरी, आधुनिक तथा चलचित्रका हिट गीत लेखेका एकनारायणको स्वरमा यसअघि एउटा मात्र गीत सार्वजनिक छ ।

गीतकारको रुपमा स्थापित भइसकेपछि उनले आफ्नो स्वरमा 'लालु पाते नुघ्यो भुइँतिर' बोलको गीत रेकर्ड गरेका थिए । सार्वजनिकका लागि तयारी गीत घरमा पुगेर सुन्दा उनलाई अन्याय गरेको जस्तो लाग्यो । भोलिपल्ट फेरि राजु परियारको स्वरमा रेकर्ड गराएका थिए । त्यसपछि उनले देवी घर्तीसँग 'आँखा खोल्छु होला' बोलको गीत गाएका थिए । आठ वर्षअघिको सो गीतपछि उनले आफ्नो स्वरमा नयाँ गीत रेकर्ड गराएका थिएनन् ।

'समाजको संस्कृतिसँग जोडिएको गीत गाउँछु भन्ने सोच त थियो । तर यो गीत पनि लेख्दै गर्दा आफूले गाउने भनेर लेखेको थिइन,' भण्डारी भन्छन् ।

गीत तयार पारेर एरेञ्जमा लैजाँदा एरेन्जर श्यामश्वेत रसाइलीले उनलाई आफ्नै स्वरमा गाउन आग्रह गरे । आफ्नै आवाजमा रेकर्ड गराए, नजिकै गायक हेमन्त शर्मा लगायत पनि थिए । गायक हेमन्त लगायतले आफ्नै आवाजमा रेकर्ड गराउन हौसला दिएको उनले सुनाए । प्रशान्त मगरको कोरियोग्राफी, कुमार केसीको निर्देशनमा तयार भिडियोमा सुधीर श्रेष्ठ र विजय पुन मितको भूमिकामा छन् ।

गीतमा नेपालबाट हराउँदै गएको मितेरी साइनोको कथा प्रस्तुत गरिएको छ । हिमाली र पहाडीबीचको व्यावसायिक आदानप्रदान, भावनात्मक मित्रता, रहनसहनलाई एकनारायणले गीतमा प्रस्तुत गरेका छन् ।

यो गीतको कथा भने आफ्नो बुबाको मितलाई सम्झेर तयार पारेको एकनारायणले बताए । चार वर्षअघि उनी रारा जाँदा जुम्लामा बास बसेका थिए । सोही बेला यो गीत फुरेको थियो ।

'बुबाको मित जुम्लाको हुनुहुन्थ्यो । सानो हुँदा उहाँ आउँदा हामी एकदमै खुशी हुन्थ्यौं । जुम्ला बस्दा मैले बुबाको मितबुबालाई सम्झिएँ,' उनले भने, 'अनि यो बारेमा गीत बनाउँछु भन्ने सोचेको हुँ ।' गीतबाट आफूले मितको पवित्र सम्बन्धलाई सम्झाउन र नयाँ पुस्तालाई थोरै भएपनि जानकारी दिन खोजेको बताएका छन् ।

आगामी दिनमा पनि संस्कृतिसँग जोडिएका गीतहरु गाउने सोँच बनाएको उनी बताउँछन् । 'यो पनि नौलो विषयको गीत भयो । यस्ता विषयहरु हाम्रो समाजमा प्रसस्त छन्' उनले भने- 'यस प्रकारका गीतहरु एक/दुई वर्षको अन्तरमा आफ्नै स्वरमा ल्याउने सोँच छ ।' अजय रेग्मीको छायाँकन रहेको भिडियोलाई विकास ज्ञवालीले सम्पादन गरेका हुन् । लोकदोहोरी क्षेत्रका कलाकारहरुले गीतसँगै एक नारायणको स्वरको पनि प्रशंसा गरेका छन् । - अनलाईनखबर

# क्रिकेट टोलीको फिल्डिङ प्रशिक्षकमा श्रीनिवास नियुक्त

काठमाडौं (रासस)/ भारतका रघुराम श्रीनिवासलाई राष्ट्रिय क्रिकेट टोलीको फिल्डिङ कन्सल्टयान्ट प्रशिक्षकमा नियुक्त गरिएको छ ।

ओमानमा फेब्रुअरी तेस्रो सातादेखि आयोजना हुने आइसिसी टि-२० विश्वकप छनोटअघि बन्द प्रशिक्षणका लागि श्रीनिवासलाई फिल्डिङ प्रशिक्षकका रुपमा नियुक्त गरिएको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ । उनी सोमबार नेपाल आइपुगेको हो ।



नेपाली टोलीले आइसीसी पुरुष टी-ट्वान्टी विश्वकपको ग्लोबल छनोटका लागि तयारी गरिरहेको छ । ग्लोबल छनोटमा नेपाल समुह 'ए' मा रहेको छ । नेपालको समूहमा ओमान, बहराइन, क्यानडा, जमर्नी, आयरल्यान्ड, फिलिपिन्स र युएई छन् । आठ टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ ।

समूह 'क' मा नेपाल, क्यानडा, ओमान र फिलिपिन्स तथा समूह 'ख' मा आयरल्यान्ड, युएई, बहराइन र जमर्नी छन् । नेपालले आगामी फागुन ६ गते ओमानसँग पहिलो खेल खेल्नेछ । दुवै समूहबाट फाइनलमा पुग्ने दुई टोलीले आगामी अक्टोबरमा अष्ट्रेलियामा आयोजना हुने टि-२० विश्वकपमा स्थान बनाउने छन् ।




# यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय भन्दछन् : "अझै समानता पाइएन"

काठमाडौं (रासस)/ नेपाल परिवार नियोजन संघले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समानताका लागि विशेष गरी वैवाहिक समानता (समलिङ्गी विवाह), पहिचान तथा नागरिकता विषयलाई सम्बोधन गर्नुपर्नेमा जोड दिएको छ ।

यसका लागि संघले 'विज्ञ कार्य समूह' (थिंक टयांक) गठन गरी निरन्तर पैरवी गर्न सुरुआतसमेत गरेको छ । गत पुसमा गठित सो समूहमा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका अधिकारका क्षेत्रका निरन्तर वकालत तथा पैरवी गर्दै आएका विभिन्न संघ/संस्था तथा विशेषज्ञको संलग्न छन् ।

अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघको आर्थिक एवं प्राविधिक सहयोगमा संघद्वारा काभ्रेपलान्चोकको धुलिखेलमा आयोजित 'नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समनताका लागि पैरवी विषयक कार्यशाला'मा सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समान्ताका लागि राज्यले विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्न जोड दिइयो ।

दिगो विकास लक्ष्यका शिक्षा, स्वास्थ्य, खानेपानी, ऊर्जालगायत १७ सूचांक हासिल गर्न नेपालसामु धेरै चुनौती छन् । कार्यक्रममा सहभागी 'थिंक टयांक'का सदस्यले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समानताका लागि तीनै तहका सरकार, नीति निर्माता, राजनीतिक दल तथा नागरिक समाजले प्राथमिकता दिन नसकेकामा चिन्ता व्यक्त गर्दै आगामी दिनमा समानताका लागि निरन्तर पैरवीको खाँचो औँल्याएका थिए । यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका पहिचानलाई स्थापित गर्न, उनीहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीमा आरक्षणको व्यवस्था मिलाउन, वैवाहिक समानता (समलिङ्गी विवाह) लाई मान्यता दिन, सदनमा



विचाराधीन नागरिकतासम्बन्धी विधेयकलाई संशोधन गरी पारित गर्न सहभागीले जोड दिएका थिए ।

**'हर्मोन क्लिनिक' सञ्चालनको तयारी**

संघका अध्यक्ष हिमालयलाल कसजुले सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिलाउन संघले अगुवाइ गरेको चर्चा गर्दै आगामी दिनमा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समानताका लागि निरन्तर पैरवी गर्ने जानकारी दिए । विसं २०५९ मा सुरक्षित गर्भपतन सेवालाई पहिलोपटक कानुनी मान्यता प्रदान गरिएको थियो । यसपछि सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति २०६० कार्यान्वयनमा आएको थियो भने यही नीतिका आधारमा विसं २०७३ देखि स्वास्थ्य मन्त्रालयद्वारा सूचीकृत सस्थामा सो सेवा निःशुल्क प्रदान गरिँदै आएको छ ।

यसैगरी संघले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, नियमावली २०७७ र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ जारी गराउन सरकारलाई सहयोग गरेको थियो । संघका व्यवस्थापक डा. नरेशप्रताप केसीले विशेष गरी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका लागि 'हर्मनन क्लिनिक' सेवा सञ्चालन गर्ने प्रयास गरिने जानकारी दिँदै यसबाट विशेष गरी 'हर्मोन चेन्ज' गर्नेका लागि सहयोग पुग्ने बताए । संघका कार्यक्रम व्यवस्थापन सुवासचन्द्र श्रेष्ठले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समानताका लागि निरन्तर पैरवी गर्ने जानकारी दिए । उनले भने, "कोभिड-१९ महामारी, प्राकृतिक विपद्का अवस्थामा पनि यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा निरन्तर जारी रह्यो ।" सन् २०२० मा ३३ लाख ६० हजार सेवाग्राहीलाई संघले आफ्ना क्लिनिकमार्फत यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा प्रदान गरेको जनाइएको छ ।

संघका काठमाडौं उपत्यका शाखाका वरिष्ठ कार्यक्रम संयोजक शरद अर्यालले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका समनताका लागि विशेष गरी वैवाहिक समानता, पहिचान तथा नागरिकताका मुद्दालाई उठान गर्न आवश्यक रहेको सुझाव दिए । उनले भने, "यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका यौन तथा प्रजनन अधिकारका क्षेत्रमा संघले निरन्तर पैरवी जारी राखेको छ ।"

वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. स्मिता कर्माचार्यले 'हर्मोन चेन्ज'बाट उत्पन्न हुने समस्या र तिनका समाधानका उपायका बारेमा जानकारी दिएको थियो । तथ्यांक विभागका निर्देशक ढुण्डीराज लामिछानेले जनगणनामा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका यकिन तथ्यांक आउन नसक्ने जानकारी दिँदै यसका लागि अलग राष्ट्रिय सर्वेक्षणको आवश्यकता औँल्याए ।

उनका अनुसार विसं २०७८ को जनगणनामा 'अन्य लिङ्गी'का रुपमा गणना गरिएको थियो । विसं २०६८ जनगणनामा सो समुदायको संख्या ८०० रहेको उल्लेख छ ।

**'संविधान सजावट गर्ने वस्तु होइन, कार्यान्वयन हुनुपर्छ'**

सर्वोच्च अदालतका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका नागरिकता, पहिचान र विवाहका विषयमा सर्वोच्च अदालतका आदेश फैसला कार्यान्वयनको खाँचो औँल्याए । उनले भने, "संविधानको भावनाअनुसार यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिलाई शिक्षा, स्वास्थ्य र रोजगारीका लागि विशेष व्यवस्था गर्नुपर्छ । यसले मात्र सामाजिक विविधता बलियो बनाउँदछ ।"

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका हकअधिकारका क्षेत्रमा लामो समयदेखि निरन्तर पैरवी एवं वकालत गर्दै आउनुभएका मनिषा ढकालले कार्यक्रमको सहजीकरण गर्दै विविध कारणले पछाडि पारिएको यौनिक तथा लैंगिक समुदायलाई एकजुट भई आफ्नो अधिकारका लागि खुलेर अगाडि आउन आग्रह गरे ।

उनले भने, "संविधान प्रदत्त अधिकार प्राप्त गर्नु नैसर्गिक अधिकार हो, यौनिक तथा लैंगिक समुदायको पहिचान, विवाह तथा नागरिकताका लागि सवालमा थप पैरवी आवश्यक छ । "

ब्लु डाइमण्ड सोसाइटी पूर्वअध्यक्ष भूमिका श्रेष्ठले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायक यकिन तथ्यांकका लागि सर्वेक्षण आवश्यक रहेकामा जोड दिँदै वैवाहिक समानता, पहिचान तथा नागरिकता उपाध्यक्ष विषयमा सरकारको ध्यान जानुपर्छ भने ।

कार्यक्रममा सोसाइटीका उमिशा पाण्डेले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका संविधान प्रदत्त अधिकार हनन भइराखेको छ भने । उनले भने, "यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका अधिकार स्थापित गर्न वैवाहिक समानता, पहिचान तथा नागरिकता पाउनुपर्छ ।" कार्यक्रममा दैलेखको गुराँस नगरपालिकाले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिका लागि पनि सामाजिक भत्ता वितरण सुरु गरेको जानकारी दिइएको थियो । दिगो विकासका लागि राष्ट्रिय अभियानका दयासागर श्रेष्ठले नेपालले दिगो विकासका लक्ष्य हासिल गर्न धेरै चुनौती रहेको बताए ।

# निकुञ्जका संवेदनशील क्षेत्रमा सीसी क्यामेरा जडान

चितवन (रासस)/चोरी शिकारीका दृष्टिले संवेदनशील मानिएका चितवन राष्ट्रिय निकुञ्जका महत्वपूर्ण क्षेत्रमा नयाँ सीसी क्यामेरा जडान एवं पुरानो मर्मतको कामलाई तीव्र पारिएको छ । निकुञ्जको सात स्थानमा ११ वटा नयाँ क्यामेरा राख्न थालिएको छ । पुराना २० वटा क्यामेरा मर्मत गर्न लागिएको हो । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार कसरादेखि



सौराहासम्मका क्षेत्रमा राखिएका १० वटा क्यामेरा मर्मतको काम भइरहेको छ । कसरादेखि धूर्वसम्म ११ वटा क्यामेरा नयाँ जडान र तीन वटा पुराना क्यामेरा मर्मतको काम भइरहेको उनले जानकारी दिए । धूर्वदेखि भिम्लेसम्मका सात वटा क्यामेरा मर्मतका गर्नुपर्ने उनको भनाइ छ ।

तिवारीका अनुसार चोरी शिकारीका दृष्टिले संवेदनशील मानिएका क्षेत्रलाई उच्च प्राथमिकता दिँदै काम गरिएको छ । विश्व वन्यजन्तु कोषको सहयोगमा थप तथा मर्मत गर्न लागिएका ती क्यामेरा संवेदशीलताअनुसार एक स्थानमा दुई वटासम्म राखिने छ ।

निकुञ्जभित्र गर्ने काम भएकाले निकुञ्जले समन्वय र सहजीकरणको काम गर्ने गरेको भन्दै उनले एक साताभित्र पुराना मर्मत र नयाँ जडानको काम सकिने बताए । निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार विश्व वन्यजन्तु कोषको आर्थिक सहयोगमा राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षण विभागको वन्यजन्तु अपराध नियन्त्रण शाखाको समन्वयमा क्यामेरा जडान तथा मर्मतको काम गरिएको हो ।

निकुञ्जले एक जना कर्मचारी र आवश्यक सहयोग मात्रै गरेको हो । उनले भने् "अहिले क्यामेरा मर्मत र तार जडानको काम भइरहेको छ । अझै केही क्यामेरा मर्मत हुन बाँकी छ ।" क्यामेरा मर्मत भएसँगै निकुञ्जका संवेदनशील स्थान सबै समेट्न सकिने उनले जानकारी दिए ।

चालू आवमा दुईवटा गैंडा चोरी शिकारीले मारेसँगै निकुञ्ज र वन्यजन्तुको संरक्षणका लागि क्यामेरा जडानको काम सुरु गरिएको हो । ती क्यामेराको नियमित अनुगमन निकुञ्जले गरिरहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# अस्पताल सरसफाइमा खट्दै प्रमुख

चितवन (रासस)/ हरेक सोमबार बिहान ७ बजे भरतपुर अस्पतालका प्रमुखको नेतृत्वमा अस्पताल सरसफाइ हुने गर्दछ । एक घण्टासम्म अस्पतालका कर्मचारीसँग सरसफाइ गरेपछि चिया नास्ता लिँदै सरसफाइ सम्बन्धी नै भलाकुसारी हुने गर्दछ ।

यो अभियान एक दिनको सरसफाइका लागि मात्रै नभएर सरसफाइको निरन्तरका लागि हो । कमीकमजोरी पहिचान गर्ने, त्यसको समाधानको खोजी गर्ने मात्रै होइन, सफाइको दीर्घकालीन समाधानका बारेमा पनि छलफल चल्ने गर्दछ । गत वर्षबाट सुरु भएको यो अभियानमा अस्पताल विकास समितिका अध्यक्ष डा. भोजराज अधिकारी, मेसु प्रा डा. कृष्णप्रसाद पौडेलसहित अस्पतालका कर्मचारी र विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति हुने गर्दछ । पछिल्ला केही साता मेसु पौडेलको नेतृत्वमा अस्पतालका कर्मचारी मात्रै सहभागी हुँदै आएका छन् ।

पौडेलले भने, "हामीले यस अभियानलाई निरन्तरता दिएका छौं, जसले अस्पतालको सरसफाइमा सहयोग पुगेको छ ।" आफू स्वयं उपस्थित हुँदा सरसफाइकर्मी र अन्य कर्मचारीसमेत सक्रिय रुपमा सहभागी हुने गरेको उनको भनाइ छ । पौडेलले अगाडि थपे, "एक दिनको सफाइ मात्रै भएको छैन, सरसफाइकर्मीलाई हौसला पनि मिलेको छ ।"

सरसफाइका कर्मचारीसँग अन्य समयमा भेट नहुने बताउँदै उनले भने, "उनीहरुको गुनासा सुन्ने, सम्बोधन गर्ने काम यही अभियानबाट भएको छ ।" सरसफाइसँगै बसेर चिया नास्ता खाँदा उनीहरुले आफ्ना गुनासा राख्ने अवसर पाएको पौडेलको भनाइ छ । यस अभियानले अस्पताललाई सफा राख्नुपर्छ भन्ने जागरण सिर्जना भएको उनी बताउँछन् ।

सरकारी अस्पताल भएकाले सेवाग्राहीले फोहर बिसर्जनलाई महत्व नदिने हुँदा ठाउँठाउँमा फोहर हुने गर्दछ । अभियान सुरु गर्नुअघि अस्पताल फोहर हुने गरेको निकै धेरै गुनासो आउने गरेकोमा केही सम्बोधन भएको पौडेलले जानकारी दिए । गत वर्ष सुरुआती चरणमा सामाजिक संघसंस्था र प्रहरीसँग सहकार्य गरेर अध्यक्ष अधिकारीको नेतृत्वमा अभियान थालनी गरिएको हो । पहिला हरेक शनिबार सरसफाइ गर्ने गरिन्थ्यो । यो अभियानमा नेपाल प्रहरीसँगै, वे ग्रुप नेपाल, सन्देश फाउण्डेशन, महानगर युवा सञ्जाल, द युनाइटेड चितवन, वार्सा नेपाललगायत अन्य विभिन्न संघसंस्था सहभागी हुने गरेका थिए ।

पौडेल सुपरिटेण्डेण्ट भएपछि भदौबाट यो अभियान थालिएको हो । पछिल्ला केही साता अस्पताल बाहिरका अभियन्ता सरसफाइमा सहभागी भएका छैनन् । पौडेलले भने, "निकै चिसो भएकाले अभियन्ता नआएको हुन सक्छ ।" अस्पतालभित्र सरसफाइका लागि भनेर ९२ जना कर्मचारी कार्यरत छन् । ती कर्मचारीलाई अन्य काममा लगाइने हुँदा सबैले सरसफाइमा ध्यान दिन पाउँदैनन् ।

'स्वच्छ वातावरण, स्वास्थ्य जीवन' 'फोहरमैला जथाभावी फाल्ने समाजका शत्रु हुन्' भन्ने नाराका साथ अभियान सञ्चालन हुँदै आएको छ । सुरुआती चरणमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुखसमेतको उपस्थिति हुने गरेको थियो । अस्पताल विकास समितिका अध्यक्ष अधिकारी अस्पताल सफाइ गर्ने अभियान आफ्नै नेतृत्वमा थालिएको बताउँछन् । यसबाट सबै सफा नभए पनि सन्देश प्रवाह भएको उनको भनाइ छ । उनले भने, "धेरै मानिसको आवतजावत हुने भएकाले फोहर हुन्छ, अस्पतालका सबै ठाउँमा नियमित सरसफाइ छुट्न सक्ने हुँदा अभियान सार्थक भएको छ ।"

अस्पताल विकास समितिका पूर्वअध्यक्ष एवं प्रदेशसभा सदस्य विजय सुवेदी फोहरमैला व्यवस्थापनका क्षेत्रमा अस्पतालमा राम्रो काम भइर हेको बताउँछन् । अस्पतालमा फोहोर व्यवस्थापन व्यवस्थित नभएसम्म बाहिरबाट अभियन्ताहरुसहितको सहयोग आवश्यक पर्ने भन्दै उनले आउँदा दिनहरुमा फोहोर मैलाको व्यवस्थापन एक प्रणालीमा आएपछि अभियानको आवश्यकता नहुने बताए । अहिले अस्पताल प्रमुख स्वयं उपस्थित भएर नियमित सरसफाइ गर्नु सकारात्मक कार्य भएको उनको भनाइ छ ।

# बागमती प्रदेश संसदीय समितिमा प्रतिपक्ष



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशसभा अन्तर्गत रहेको २ वटा समितिको सभापतिमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसद विजयी भएका छन् ।

सोमबार भएको निर्वाचनमा सत्तारुढ गठबन्धन सहभागी नभएपछि दुवै समितिको सभापतिमा एमालेको उम्मेदवारलाई बिजयी घोषणा गरिएको हो । प्रदेशसभाअन्तर्गत रहेका अर्थ तथा विकास समिति र शिक्षा, स्वास्थ्य तथा कृषि समिति सभापति छनोट गर्न निर्वाचन प्रक्रिया अघि बढाइएको थियो ।

निर्वाचन प्रक्रियामा सत्तारुढ गठबन्धन सहभागी नै नभएपछि एमालेले दुबै समितिको सभापति पाएको छ । एमालेले अर्थ समिति सभापतिमा काठमाडौंका नारायणबहादुर सिलवाल र शिक्षा समितिमा काठमाडौंकै केशवप्रसाद पोखरेललाई अघि बढाएको थियो ।

समितिमा एमालेको बहुमत रहेका कारण सत्तारुढ गठबन्धनले उम्मेदवार नै दर्ता नगराउनुका साथै निर्वाचन प्रक्रियामा समेत सहभागी भएन । अर्थ र शिक्षा समितिको बैठकमा नेकपा एमालेको १२ जना सांसदको मात्र उपस्थिति भएपछि उम्मेदवारहरुलाई बिजयी घोषणा गरिएको थियो। उनीहरुलाइ प्रदेशसभाको सभामुख सानुकुमार श्रेष्ठले शपथ ग्रहण गराएका छन् ।

बैशाखदेखि रिक्त रहेको अर्थ समितिमा २० जना सदस्यमध्ये एकजना सभापति चयन भएको हो । त्यस्तैगरी, शिक्षा, स्वास्थ्य तथा कृषि समितिका १९ जना सदस्यमध्ये एकजना सभापति चयन गरिएको छ । अर्थ समितिका तत्कालीन सभापति सरेश नेपाल प्रदेश सरकारको मन्त्री वनेसँगै उक्त पद रिक्त रहेको थियो ।

शिक्षा समितिका सभापति घनश्याम दाहाल हालको सरकारमा मन्त्री नियुक्त भएसँगै उक्त पद पनि रिक्त भएको हो ।

# ल्होछारको अवसरमा शुभकामना आदानप्रदान




साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा २०५८ ताक लो (बाघ) बर्ग सोनाम ल्होछारको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरिएको छ । उक्त कार्यक्रम तामाङ पत्रकार संघ मकवानपुरको आयोजनामा भएको हो ।

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको सभाहलमा भएको कार्यक्रममा तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष जयराम मोक्तानको अध्यक्षता तथा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा बागमती प्रदेश तामाङ घेदुङ संघका अध्यक्ष लिला कुमार घलान, नेकपा माओवादी केन्द्र मकवानपुरका प्रचारप्रसार प्रमुख कमान सिंह पाखिन, हेटौंडा-१४ का वडाध्यक्ष ललित घलान, मकवानपुर खेलकुद विकास समितिका अध्यक्ष सानु लामा दोङ, नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका प्रमुख मणिराज गौतमलगायतको उपस्थित रहेको थियो ।


प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, चितवन**
वागमती प्रदेश

फोन : ०५६-५२०११५
इमेल :akcchitwan@gmail.com
भरतपुर, नेपाल

## कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन पुनः प्रस्ताव आह्वानको सूचना

**सूचना नं.: १५-२०७८/७९**
प्रकाशित मिति: २०७८/१०/१८

कृषि ज्ञान केन्द्र, चितवनको आ.व २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतको बढीमा ५० प्रतिशत अनुदान सहयोग रहने तपशिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन पुन: यो सूचना प्रकाशित गरिएको छ । अत: चितवन र मकवानपुर जिल्लाका सम्बन्धित क्षेत्र/ठाउँका इच्छुक कृषक उद्यमी, कृषि फर्म/कम्पनि, कृषक समूह, कृषि सहकारीहरुलाई तोकिएको शर्तको अधिनमा रही देहाय बमोजिमको कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८।११।०३ सम्म) कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | कार्यक्रमको नाम | इकाई | परिमाण | विनियोजित बजेट | तोकिएको क्षेत्र।अनुदानग्राही।शर्त | कार्यक्रम संचालन प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | एकल फार्मका लागि खुल्ला जमिनमा प्राँगारिक उत्पादन कार्यक्रम | संख्या | १ | १ लाख | प्राँगारिक खेती गर्ने कृषक तथा समुह | प्राँगारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया २०७७ |
| २ | भर्मि कम्पोष्ट मल बनाउन भर्मि सेड निर्माण | संख्या | ८ | ८० हजार | | |
| ३ | अभियानमूलक फलफूल बृक्षारोपण | हेक्टर | १० | ५ लाख | ब्यावसायिक रुपमा क्लष्टरमा गर्नुपर्ने | अभियानमुखी फलफुल बृक्षारोपण कार्यक्रम कार्याविधि २०७६ |
| ४ | चिउरीक्षेत्र विस्तार कार्यक्रम | पटक | १ | १ लाख | | |
| ५ | शहरी खेती कार्यक्रम, चितवन र मकवानपुर | पटक | १ | १० लाख | कम्तिमा २० जनाको समुहमा प्रस्ताव पेश गर्नुपर्ने | प्रचलित कार्याविधि, नर्मस तथा ऐन नियमानुसार |
| ६ | कागती खेती विस्तार कार्यक्रम | पटक | १ | १५ लाख | भिमफेदी गा.पा. ८, मकवानपुर | |
| ७ | वर्खे आलुको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | २ | २ लाख | इच्छाकामना गा. पा. चितवन | |
| ८ | सिंचित क्षेत्र विशेष सघन तरकारी उत्पादन कार्यक्रम | संख्या | ४ | ४ लाख | | |
| ९ | निजी तथा सामुदायिक नर्सरीहरुलाई Seed Germinator सहयोग | संख्या | २ | ५ लाख | | प्रचलित कार्याविधि, नर्मस तथा ऐन नियमानुसार |
| १० | समुह/सहकारी तथा नीजि क्षेत्रको लागत सहभागितामा Rooting Station निर्माण | संख्या | १ | १० लाख | | |
| ११ | बीज वृद्धि कार्यक्रममा लेभलिङ तथा प्याकेजिङ सामाग्री उपलब्ध गराउने | पटक | १ | ४ | बिज वृद्धि कार्यक्रममा संलग्न समुह, सहकारी तथा कम्पनी | |
| १२ | बीउ प्याकेजिङ मेशिनमा सहयोग | पटक | १ | ४ | | |
| १३ | नयाँ गाउँ सिंचाई आयोजना | पटक | १ | १० लाख | मनहरी ५, मकवानपुर | प्रचलित कार्याविधि, नर्मस तथा ऐन नियमानुसार |
| १४ | मोतिपुर सिंचाई आयोजना | पटक | १ | १० लाख | बागमती ७, पाथीभारा मकवानपुर | |
| १५ | स्यालो ट्युवेल निर्माण | संख्या | १ | ५ लाख | हेटौंडा १८, मकवानपुर | |

**आवश्यक कागजातहरु**
१. रु १० को टिकट टाँस गरेको निवेदन
२. सम्बन्धित संस्थाको दर्ता/नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर र करचुक्ताको प्रतिलिपि
३. कम्पनि/समूह/सहकारी तथा उपभोक्ता समितिको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे बैठकको निर्णय प्रतिलिपि,
४. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्मेवार ब्यात्तिको नागरिताको प्रतिलिपि तथा अख्तियारी पत्र
५. सम्बन्धति गाउँपालिका/नगरपालिकाको कृषि शाखा तथा वडाकार्यालयको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र
६. खेती गरिने जमिनको लालपुर्जाको फोटोकपि वा सम्बन्धित कार्यक्रमको कार्यविधिले तोके बमोजिमको करारनामाको प्रतिलिपि

नोट:कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६५२०११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । साथै आवेदकहरु कार्यालयमा उपस्थित हुन नसकेमा केन्द्रको इमेल akcchitwan@gmail.com मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

युवराज पाण्डे
**प्रमुख**



## डबल ब्ल्याक खाजा

**स्वादिष्ट परिकारहरुः**
☞बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞बफ सुकुटी र छोयला
☞हल्का पेय पदार्थ
☞भेज चाउमिन



**ओपाज** कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. भुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | Lab Technician/ assistant | 2 | Negotiable | PCL/TSLC |
| 3 | CMA/ANM | Few | Negotiable | TSLC |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, नेपाल

## भेडाबाख्रामा लाग्ने पिपिआर रोगविरुद्ध सप्ताहव्यापी खोप अभियानबारे सूचना

पिपिआर भेडाबाख्रामा विषाणुबाट लाग्ने घातक संक्रामक रोग हो । यसलाई भेडाबाख्राको हैजा (Sheep and Goat Plague) पनि भनिन्छ । यो रोग नेपालका सबै जिल्लामा देखा परिसकेको छ । यो रोगको खास उपचार नभएकोले यसको नियन्त्रणको लागि सबै भन्दा प्रभावकारी पद्धति व्यापक रुपमा खोप लगाउनु (Mass vaccination) हो । यो रोग लागेमा निम्न बमोजिमका लक्षणहरु देखा पर्दछ:-
१. ज्वरो ४० देखि ४१ डिग्री सेल्सियस (१०४ देखि १०६ डिग्री फरेनहाइट आउने)
२. जनावर लोसे, शान्त वा चमक हुने,
३. नाकबाट पानी बग्ने, कालान्तरमा बाक्लो गन्हाउने सिंगान बगाउने, सिंगानको पाप्रा बनि नाकको प्वाल बन्द हुने,
४. आँखा रातो, कचेरा निस्कने, निरन्तर आशु बग्ने,
५. गिजामा कनिका छरेजस्तो ससाना दाना देखिने,
६. अत्यधिक रगत नमिसिएको झाडापखाला लाग्ने र जलवियोजन हुने,
७. हाडछाला हुने गरी दुब्लाउने,
८. श्वास फेर्न गाहो हुने,
९. शरीरको तापक्रम घटेर जाने,
१०. रोग लागेको ५ देखि १० दिनमा मृत्यु हुने,
११. समयमै उपचार गर्न सकेमा पशु निको हुन पनि सक्दछ ।

यो रोग नियन्त्रणको सबै भन्दा उत्तम उपाय समयमै पिपिआर रोग विरुद्ध खोप लगाउनु हो । यस रोग विरुद्ध हरेक ३/३ वर्षमा खोप लगाउनु पर्दछ । खोप लगाउदा ३ महिना उमेर माथिका सबैलाई लगाउनु पर्दछ । यस रोगका विरुद्ध पहिलो पटक ३ महिनाको उमेर पुरा भएपछि लगाउने र तत्पश्चात खोप लगाउदा हरेक ३/३ वर्षको फरकमा फागुन देखि चैत्र महिनामा लगाउनु पर्दछ । खोप लगाउदा सानो वा ठुलो भेडा बाख्रालाई १ एमएल मासु वा छालामुनी लगाउनु पर्दछ । अन्यत्रबाट ल्याएका भेडाबाख्राहरुलाई खोप लगाएर २१ दिन छुट्टै राख्नु पर्दछ । फार्ममा जैविक सुरक्षा कडाईका साथ अवलम्वन गर्नु पर्दछ ।

पिपिआर रोगको रोकथामको लागि बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका कार्यालयहरु मार्फत मिति २०७८ माघ २५ देखि फागुन २ गतेसम्म प्रदेशका १३ वटै जिल्लाहरुमा सप्ताहव्यापी खोप अभियान सञ्चालन हुदैछ । उक्त अभियानमा सहभागी भई भेडाबाख्राहरुमा समयमानै खोप लगाउन मन्त्रालय सम्पूर्ण भेडाबाख्रा पालक कृषकहरुमा हार्दिक अनुरोध गर्दछ । थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु (मकवानपुर, चितवन, सिन्धुली, धादिङ, नुवाकोट, ललितपुर, दोलखा र काभ्रे), पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा वा यस मन्त्रालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।



➢ जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
➢ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
➢ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
➢ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
➢ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय मकवानपुर**
वागमती प्रदेश, हेटौंडा

**कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔं**

कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले थाहै नपाई तपाईले आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईर हनु भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

**याद गरौं:**
"कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"





**खुल्यो ! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७






**Times AutoHub, Hetauda**
फोन नं: ९८५५०६७८४० /०५७-५२०६१०



कोरोनाबाट बच्न अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं ।
सार्वजनिक हितका लागि जारी सूचना



www.sajhakuranews.com

साझाकुरा
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना